# गण्डकी विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०७७

गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरी न्यासिक परिषद्ले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस नियमावलीको नाम "गण्डकी विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उच्च शिक्षा" भन्नाले विश्वविद्यालयको सङ्काय, विभाग वा कुनै शिक्षण संस्थामा सञ्चालित विभिन्न तहका विभिन्न शैक्षिक कार्यक्रम सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले गण्डकी विश्वविद्यालयको ऐन, २०७६ सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले ऐनको दफा ३३ बमोजिमको विश्वविद्यालयको कोष सम्झनु पर्छ।

(घ) "केन्द्रीय कार्यालय" भन्नाले विश्वविद्यालयको केन्द्रीय कार्यालय सम्झनु पर्छ।

(ङ) "क्याम्पस प्रमुख" भन्नाले विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसका प्रमुख सम्झनु पर्छ।

(च) "जनशक्ति व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १३ बमोजिम गठित जनशक्ति व्यवस्थापन समिति सम्झनु पर्छ।

(छ) "निर्देशक" भन्नाले ऐनको दफा ३० बमोजिमको निर्देशकलाई सम्झनु पर्छ।

(ज) "परीक्षा" भन्नाले विश्वविद्यालयबाट लिइने वा लिइएको लिखित वा प्रयोगात्मक वा मौखिक वा अन्य तरिकाको परीक्षा सम्झनु पर्छ।

(झ) "परीक्षार्थी" भन्नाले विश्वविद्यालयबाट सञ्चालन गरिने परीक्षामा सम्मिलित हुन योग्य ठहरिएका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पस लगायतका विद्यार्थीसमेत सम्झनु पर्छ।



Registrar

Vice-Chancellor

Chancellor

(ञ) "परीक्षा समिति" भन्नाले यस नियमावलीबमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(ट) "प्रमाणपत्र" भन्नाले विश्वविद्यालय वा कुनै शिक्षण संस्थाबाट सबै शैक्षिक तथा अन्य सर्तहरू पूरा गरी परीक्षामा उत्तीर्ण भएका विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई दिइने वा दिइएको प्रमाणपत्र सम्झनु पर्छ।

(ठ) "मानार्थ उपाधि" भन्नाले विश्वविद्यालयले यस नियमबमोजिम विशिष्ट व्यक्तिहरूलाई प्रदान गर्ने वा गरिएको विभिन्न प्रकारको मानार्थ उपाधि सम्झनु पर्छ।

(ड) "मानार्थ उपाधि प्रलेख" भन्नाले मानार्थ उपाधिको प्रामाणिक लिखत वा पत्र सम्झनु पर्छ।

(ढ) "विद्यार्थी" भन्नाले विश्वविद्यालयको सङ्काय, विभाग वा कुनै शिक्षण संस्थाका शैक्षिक कार्यक्रममा संलग्न विद्यार्थी सम्झनु पर्छ।

(ण) "विभाग" भन्नाले यस नियमावलीबमोजिमका विश्वविद्यालय विभागहरू सम्झनु पर्छ।

(त) "विश्वविद्यालयको हाता" भन्नाले विश्वविद्यालयको केन्द्रीय कार्यालय, सङ्काय, शिक्षण संस्था, शिक्षक तथा विद्यार्थी आवास, पुस्तकालय, प्रयोगशाला वा चमेना गृह अवस्थित रहेको भवन, जमिन, खेलकुद मैदान, प्राङ्गण वा हाता वा क्षेत्रसमेत सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयको स्वामित्व वा अधीनस्थ कुनै चल अचल सम्पत्ति वा सामानलाई समेत जनाउँछ।

(थ) "सम्बन्धन प्राप्त क्यास्पस" भन्नाले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस सम्झनु पर्छ।

## परिच्छेद – २

## विश्वविद्यालयको संगठन संरचना

३. <u>विश्वविद्यालयको संगठन संरचना:</u> (१) विश्वविद्यालयको संगठन संरचनामा ऐनको दफा ५ मा उल्लेखित अङ्गहरूको अतिरिक्त देहायका अङ्गहरु रहनेछन्:-

(क) विभाग,

(ख) पाठ्यक्रम र परीक्षा समिति,



Registrar Chancellor

(ग) विश्वविद्यालय पुस्तकालय,

(घ) न्यासिक परिषद्ले तोकेका अन्य कार्यालयहरु।

(२) विश्वविद्यालयको संगठन चार्ट अनुसूची-१ मा उल्लेख गरे बमोजिम हुनेछ।

## परिच्छेद – ३

## न्यासिक परिषद्

४. न्यासिक परिषद्को सदस्यता कायम नरहने अवस्था: ऐनको दफा ७ को उपदफा (२) को खण्ड (ग) बमोजिमका न्यासिक परिषद्का सदस्यको सदस्यता देहायका कुनै अवस्थामा कायम रहने छैनः-

(क) निजले कुलपतिमार्फत् दिएको राजीनामा न्यासिक परिषद्को अध्यक्षबाट स्वीकृत भएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार साबित भई अदालतबाट कैदको सजाय पाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) ऐनको दफा ७ को उपदफा (१०) बमोजिम पदमुक्त भएमा,

(च) दफा ११ बमोजिम न्यासिक परिषद् विघटन भएमा।

५. बैठक बोलाउन अनुरोध गर्न सक्ने: न्यासिक परिषद्का एक चौथाइ सदस्यले न्यासिक परिषद्को बैठक बस्न आवश्यक छ भनी अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा त्यसरी अनुरोध गरेको तीस दिनभित्र बस्ने गरी अध्यक्षले न्यासिक परिषद्को बैठक बोलाउनेछ।

६. सदस्यले प्रस्ताव प्रस्तुत गर्न सक्ने: न्यासिक परिषद्को सदस्यले न्यासिक परिषद्को बैठकमा कुनै प्रस्ताव प्रस्तुत गर्न चाहेमा निजले बैठक बस्नुभन्दा बहत्तर घण्टा अगावै सचिवलाई प्रस्ताव उपलब्ध गराउनु पर्नेछ। त्यस्तो प्रस्ताव प्राप्त भएमा सचिवले ऐनको दफा ८ को उपदफा (४) बमोजिम बैठकको कार्यसूचीमा समावेश गरी सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।



Registrar Vice-Chancellor Chancellor

७. <u>अग्रिम सूचना विना प्रस्ताव प्रस्तुत गर्न सक्ने:</u> यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि न्यासिक परिषद्को बैठक सञ्चालन भैरहेको समयमा कुनै सदस्यले न्यासिक परिषद्को अध्यक्षको स्वीकृति लिई बैठकमा देहायका कुनै विषयमा सोझै प्रस्ताव पेस गर्न सक्नेछन्:-

(क) धन्यवाद, बधाई ज्ञापन वा शोक प्रकट गर्ने,

(ख) न्यासिक परिषद्को बैठक स्थगित गर्ने, न्यासिक परिषद्को छलफल स्थगित गर्ने, बैठकको समाप्ति गर्ने वा बैठकको अवधि बढाउने,

(ग) न्यासिक परिषद्मा प्रस्तुत भएको कुनै प्रस्तावमा संशोधन प्रस्ताव राख्ने,

(घ) आफूले प्रस्तुत गरेको प्रस्ताव वा संशोधन प्रस्ताव फिर्ता लिने।

८. <u>परामर्श लिन सक्ने:</u> न्यासिक परिषद्ले बैठकसम्बन्धी काम कारबाहीमा आवश्यकताअनुसार विज्ञको परामर्श लिन सक्नेछ।

९. <u>न्यासिक परिषद्का सदस्यहरूको बैठक भत्ता:</u> न्यासिक परिषद्का सदस्यहरूको बैठक भत्ता लगायतका अन्य सेवा सुविधा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ। साथै बैठक हुने स्थानमा आवास नहुने सदस्यले खाने, बस्ने तथा यातायात खर्च समेत पाउनेछन्। ( थप गर्नुपर्ने)

१०. <u>बैठकसम्बन्धी कार्यविधि:</u> (१) न्यासिक परिषद्को बैठक विद्युतीय माध्यमबाट समेत बस्न सक्ने र त्यसरी बसेको बैठकको उपस्थिति र निर्णय सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(२) न्यासिक परिषद्का निर्णयहरू बैठक सम्पन्न भएको सात दिनभित्र सचिवले सम्पूर्ण सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(३) न्यासिक परिषद्ले आवश्यकताअनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) न्यासिक परिषद्ले आवश्यकताअनुसार विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) बैठकसम्बन्धी अन्य कार्यविधि न्यासिक परिषद्ले आफैं निर्धारण गरे बमोजिम हुनेछ।

११. <u>उपसमितिसम्बन्धी व्यवस्था:</u> (१) न्यासिक परिषद्ले आफ्ना काम कारबाहीहरुलाई व्यवस्थित गर्न आवश्यकता अनुसार समयावधि तोकी देहायका विषयमा उपसमिति गठन गर्न सक्नेछ:-



Registrar Vice-Chancellor Chancellor

(क) प्राज्ञिक तथा शैक्षिक विषय,

(ख) बजेट तथा स्रोत व्यवस्थापन सम्बन्धी विषय,

(ग) नीति निर्माण सम्बन्धी विषय,

(घ) मूल्याङकन सम्बन्धी विषय,

(ङ) न्यासिक परिषद्‌ले तोकेका अन्य विषय।

(२) उपनियम (१) बमोजिमको उपसमितिको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधि न्यासिक परिषद्‌ले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–४
## कार्यकारी परिषद्

१२. न्यासिक परिषद्का सदस्यहरुको नियुक्तिः* दोश्रो पटक देखि न्यासिक परिषदका सदस्यहरुको पद रिक्त भएमा न्यासिक परिषदका सदस्य सचिवको संयोजकत्वमा ३ सदस्यीय सिफारिस समिति गठन गरिनेछ । सिफारिस समितिमा १ जना सदस्य न्यासिक परिषबाट र १ जना सदस्य न्यासिक परिषदका अध्यक्षबाट तोकिनेछ । समितिले सिफारिस गरेको व्यक्तिलाई सदस्यमा नियुक्त गरिनेछ ।

१३. कार्यकारी परिषदको बैठकसम्बन्धी कार्यविधिः (१) कार्यकारी परिषद्को बैठक आवश्यकताअनुसार बस्नेछ।

(२) कार्यकारी परिषद्को बैठकको अध्यक्षता कुलपतिले गर्नेछ। निजको अनुपस्थितिमा उपकुलपतिले बैठकको अध्यक्षता गर्नेछ।

(३) कार्यकारी परिषद्को बैठक कुलपतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

---

*नियम ११ र १२ हटाइएको ।

*पहिलो संशोधनद्वारा थप गरिएको



Registrar

Vice-Chancellor

Chancellor

(४) बैठक बस्नुभन्दा सामान्यतया चौबिस घण्टा अगावै बैठकको मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको कार्यसूचीसहितको सूचना सदस्य सचिवले सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(५) कार्यकारी परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा वढी सदस्यहरु उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(६) बैठकमा सर्वसम्मतिमा निर्णय हुनेछ। सर्वसम्मति हुन नसकेमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(८) कार्यकारी परिषद्ले आवश्यकताअनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) कार्यकारी परिषद्ले आवश्यकताअनुसार विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१०) कार्यकारी परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि कार्यकारी परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१४. <u>बैठक भत्ता तथा अन्य सुविधा:</u> (१) कार्यकारी परिषद्को बैठकमा भाग लिने कार्यकारी परिषद्का सदस्य समेतले अनुसूची-२ बमोजिमको बैठक भत्ता पाउनेछन्।

## परिच्छेद ५

## प्राज्ञिक परिषद्

१५. <u>प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि:</u> (१) प्राज्ञिक परिषद्को बैठक आवश्यकताअनुसार बस्नेछ। *

(३) प्राज्ञिक परिषद्को बैठक उपकुलपतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) बैठक बस्नुभन्दा सामान्यतया चौबिस घण्टा अगावै बैठकको मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

---

* नियम १५ (२) हटाइएको ।

Registrar Vice-Chancellor Chancellor

(५) प्राज्ञिक परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(६) बैठकमा सर्वसम्मतिमा निर्णय हुनेछ। सर्वसम्मति हुन नसकेमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएमा संयोजक* गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) बैठकको निर्णय संयोजकले* प्रमाणित गर्नेछ।

(८) प्राज्ञिक परिषद्ले आवश्यकताअनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) प्राज्ञिक परिषद्ले आवश्यकताअनुसार विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१०) प्राज्ञिक परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि प्राज्ञिक परिषद् आफैंले तोकेबमोजिक हुनेछ।

१६. बैठक भत्ता तथा अन्य सुविधाः (१) प्राज्ञिक परिषद्को बैठकमा भाग लिने प्राज्ञिक परिषद्का सदस्य समेतले अनुसूची-२ बमोजिमको बैठक भत्ता पाउनेछन्।

(२) बैठक हुने स्थानमा आवास नहुने सदस्यले खाने, बस्ने तथा यातायात खर्च समेत पाउनेछन्।

१७. सदस्य रिक्त हुने अवस्थाः अध्यक्ष र पदेन सदस्यहरुबाहेक प्राज्ञिक परिषद्का मनोनित सदस्यहरुको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछः-

(क) निजले दिएको राजीनामा उपकुलपतिले स्वीकृत गरेमा,

(ख) निजको मृत्यु भएमा,

(ङ) मानसिक सन्तुलन गुमाएमा,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार प्रमाणित भएमा।

---

* अध्यक्षताको सट्टामा संयोजक राखिएको ।

* सदस्य सचिवको सट्टामा संयोजकले राखिएको ।



Registrar

Chancellor

परिच्छेद- ६

## अनुसन्धान केन्द्र र अन्वेषण तथा आविष्कार केन्द्र

१८. **केन्द्रको स्थापनाः** (१) कला, विज्ञान, प्रविधि, व्यवस्थापन, कानुन, शिक्षा, कृषि, प्राविधिक तथा व्यावसायिक विषयको अनुसन्धान र अन्वेषण तथा आविष्कारसम्बन्धी कार्य गर्नका लागि विश्वविद्यालयमा अनुसन्धान र अन्वेषण तथा आविष्कार केन्द्र स्थापना गरिनेछ।

(२) केन्द्रको संरचना र दरवन्दी कार्यकारी परिषद्ले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनवमोजिम हुनेछ।

१९. **अनुसन्धान र अन्वेषण तथा आविष्कार केन्द्रको काम, कर्तव्य र अधिकारः** केन्द्रको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) कला, विज्ञान, प्रविधि, व्यवस्थापन, कानुन, शिक्षा, कृषि, प्राविधिक तथा व्यावसायिक विषयको अनुसन्धान र अन्वेषण तथा आविष्कारसम्बन्धी कार्य गर्ने, गराउने।

(ख) देश र समाजको लागि आवश्यक विषयमा अध्ययन, अनुसन्धान तथा आविष्कार गर्ने, गराउने।

(ग) देशलाई औद्योगिकीकरणमा लैजान र उच्च उत्पादकत्व हासिल गर्न प्रविधिको विकास र विस्तार गर्ने।

(घ) निजी क्षेत्र तथा सहकारी क्षेत्रको समन्वय तथा सहकार्यमा अध्ययन अनुसन्धान गर्ने, गराउने।

(ङ) अध्ययन तथा अनुसन्धानसम्बन्धी कार्यमा स्वदेशी तथा विदेशी संघ, संस्था र अनुसन्धान केन्द्रसँग सहकार्य गर्ने।

(च) केन्द्रले अनुसन्धान, अन्वेषण र आविष्कारसम्वन्धी कार्य गर्दा आधुनिक प्रविधि र विधि प्रयोग गर्ने, गराउने।

(छ) अध्ययन अनुसन्धानसम्वन्धी नीति निर्धारण गर्ने।

Chancellor

Vice-Chancellor

Registrar

(ज) अनुसन्धानमा देखिएका समस्या र कठिनाइहरुको पहिचान गर्ने र सोको सामना गर्न उपयुक्त रणनीति अख्तियार गर्ने।

(झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विश्वविद्यालयका तर्फबाट विशिष्टिकृत, अत्याधुनिक र उच्चस्तरको अनुसन्धान, अन्वेषण र आविष्कार सेवाको सुनिश्चितता गर्ने।

(ञ) विश्वविद्यालयको उद्देश्य प्राप्तिका लागि अनुसन्धान, अन्वेषण र आविष्कारको क्षेत्रमा तालिम, गोष्ठी, सेमिनार आयोजना गर्ने र कार्यकारी परिषद्को स्वीकृतिमा परामर्श सेवा उपलब्ध गराउने।

(ट) पियर रिभ्यु जर्नल प्रकाशन गर्ने।

(ठ) कुलपति, उपकुलपति र डिनले तोकेका अन्य कार्य गर्ने।

(ड)* अन्वेषण तथा आविष्कार केन्द्र सञ्चालन सम्बन्धि अन्य आवश्यक सेवा, शर्त, उत्पादन, सञ्चालन, निर्माण तथा विक्रि वितरण लगायतका नीतिगत बुँदाहरु कार्यविधिमा तोकिए बमोजिम हुनेछ । उक्त कार्यविधि कार्यकारी परिषद्ले स्वीकृत गरेपश्चात् लागू हुनेछ ।

<u>२०.</u> <u>निर्देशकको नियुक्ति, पारिश्रमिक तथा सेवाका सर्त:</u> (१) अनुसन्धान र अन्वेषण तथा आविष्कार केन्द्रको प्रमुखका रूपमा काम गर्न कुलपतिले जनशक्ति व्यवस्थापन समितिको सिफारिसमा एक जना निर्देशक नियुक्ति गर्नेछ।

(२) निर्देशकको पदमा नियुक्त हुन कम्तीमा स्नातकोत्तर गरेको र कम्तीमा १० वर्ष अनुसन्धान वा अध्यापनसम्बन्धी अनुभव भएको वा विद्यावारिधि गरेको र कम्तीमा ७ वर्ष अध्ययन अनुसन्धान वा अध्यापनसम्बन्धी अनुभव भएको हुनु पर्नेछ।

(३) निर्देशक छनौट गर्दा जनशक्ति व्यवस्थापन समितिले शिक्षक छनौट गर्दा अपनाउने समान प्रक्रिया पूरा गरी छनौट गर्नेछ।

* थप गरिएको ।

Registrar Vice-Chancellor Chancellor

(४) निर्देशक कम्तीमा सहप्राध्यापक वा सो सरहको हुनेछ र निजको पारिश्रमिक, सुविधा र सेवाका अन्य सर्त कम्तीमा सहप्राध्यापक वा सो सरहको हुनेछ।

२१. **निर्देशकको काम, कर्तव्य र अधिकार:** निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको कार्यकारी प्रमुखको रूपमा काम गर्ने,

(ख) नियम १९ बमोजिमका केन्द्रका काम, कर्तव्य र अधिकार सम्पादन गर्ने, गराउने,

(ग) केन्द्रका लागि स्रोत जुटाउन पहल गर्ने,

(घ) केन्द्रको अध्ययन अनुसन्धानमा संलग्न जनशक्ति र अन्य कर्मचारीहरूको कामको सुपरिवेक्षण गर्ने,

(ङ) कुलपति, उपकुलपति र डिनले तोकेका अन्य कार्य गर्ने,

(च) केन्द्रको लेखा उत्तरदायी अधिकारीको रूपमा रजिष्ट्रार कार्यालयप्रति उत्तरदायि भई कार्य गर्ने ।*

(छ) आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र वार्षिक प्रगति प्रतिवेदन कुलपति समक्ष पेश गर्ने।

## परिच्छेद — ७

## सल्लाहकार परिषद्

२२. **सल्लाहकार परिषद्को गठन:** (१) विश्वविद्यालयको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्न ऐनको दफा २२ बमोजिम न्यासिक परिषद्को अध्यक्षले बढीमा नौ सदस्यीय सल्लाहकार परिषद्को गठन गर्न सक्नेछ।

(२) प्राज्ञिक, समाजसेवी, दाता, प्रतिष्ठित व्यक्तिमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा न्यासिक परिषद्को अध्यक्षले सल्लाहकार परिषद्को सदस्य छनोट गर्नेछ। प्राज्ञिक सदस्यको हकमा कम्तीमा विद्यावारिधि गरी दश वर्षको अध्यापन वा अनुसन्धानको अनुभव भएको हुनु पर्नेछ।

*पहिलो संशोधनद्वारा थप गरिएको ।



Chancellor

Vice-Chancellor

Registrar

(३) सल्लाहकार परिषद्को बैठकको अध्यक्षता न्यासिक परिषद्को अध्यक्षले गर्नेछ।

(४) सल्लाहकार परिषद्को सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(५) सल्लाहकार परिषद्को बैठकमा कुलपति र उपकुलपति स्थायी आमन्त्रित हुनेछन्।

(६) सल्लाहकार परिषद्को बैठक भत्ता तथा अन्य सुविधा न्यासिक परिषद्का सदस्यले पाए सरह हुनेछ।

(७) सल्लाहकार परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२३. <u>सल्लाहकार परिषद्को काम, कर्तव्य र अधिकार:</u> परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि न्यासिक परिषद्को अध्यक्षलाई आवश्यक सल्लाह प्रदान गर्ने,

(ख) विश्वविद्यालयको उद्देश्य प्राप्तिका लागि आवश्यक स्रोत जुटाउन आवश्यक सल्लाह तथा सहयोग गर्ने,

(ग) न्यासिक परिषद् वा न्यासिक परिषद्को अध्यक्षले मागेको विषयमा राय परामर्श उपलब्ध गराउने।

परिच्छेद — ८

## विज्ञ मण्डल

२४. **विज्ञ मण्डलको गठन:** (१) न्यासिक परिषद्ले कला, विज्ञान, प्रविधि, व्यवस्थापन, कानुन, शिक्षा, कृषि, प्राविधिक तथा व्यावसायिक विषयका विज्ञ सम्मिलित बढीमा पाँच सदस्यीय विज्ञ मण्डल गठन गर्न सक्नेछ।

(२) विज्ञ मण्डलसम्बन्धी अन्य व्यवस्था न्यासिक परिषद्ले तोकेबमोजिम हुनेछ।

परिच्छेद – ९

## सङ्काय



Registrar

Vice-Chancellor

Chancellor

२५. <u>संकायः</u> (१) विश्वविद्यालयबाट उच्च शिक्षा सम्बन्धमा अध्ययन अध्यापन गराइने विषयका लागि देहायका सङ्काय रहनेछन्:-

(क) चिकित्सा विज्ञान सङ्काय,

(ख) विज्ञान तथा प्रविधि सङ्काय

(ग) विकास, वातावरण र स्रोत सङ्काय ,

(घ) न्यासिक परिषदले तोकेका अन्य सङ्काय।

२६. <u>सङ्कायको काम, कर्तव्य र अधिकार:</u> सङ्कायको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) अध्ययन, अध्यापन र अनुसन्धानलाई स्तरयुक्त, प्रभावकारी, गुणस्तरीय र समयसापेक्ष बनाउने।

(ख) विश्वविद्यालय र विश्वविद्यालय अन्तर्गत सञ्चालित शैक्षिक कार्यक्रम, अनुसन्धान, अन्वेषण, आविष्कार र परामर्श सेवा लगायतका शैक्षिक तथा प्राज्ञिक कार्यक्रमको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने।

(ग) विश्वविद्यालय र विश्वविद्यालय अन्तर्गत सञ्चालित शैक्षिक कार्यक्रम, अनुसन्धान, अन्वेषण, आविष्कार र परामर्श सेवाका लागि आवश्यक पुस्तकालय, प्रयोगशाला, अभिलेखालय, म्युजियम आदिको व्यवस्थापन गर्ने।

(घ) सङ्कायको वित्तीय व्यवस्थापन प्रभावकारी रूपमा गर्ने।

(ङ) राष्ट्र, समाज, बजार र रोजगारदाताको आवश्यकताअनुरुप समयसापेक्ष पाठ्यक्रम निर्माण गर्न सहजीकरण गर्ने।

(च) शिक्षालाई गुणात्मक, प्रभावकारी, स्तरयुक्त र समयसापेक्ष बनाउन शिक्षकहरूको क्षमता विकास गर्न आवश्यक कार्य गर्ने।

(छ) शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गर्न छात्रवृत्ति, विद्वत वृत्ति, पदक तथा पुरस्कारका लागि प्राज्ञिक परिषद्मा सिफारिस गर्ने।

(ज) परीक्षा र सोको मूल्याङ्कन प्रक्रियामा सुधार गर्न सिफारिस गर्ने।



Registrar Vice-Chancellor Chancellor

(झ) विश्वविद्यालय र विश्वविद्यालय अन्तर्गत सञ्चालित शैक्षिक कार्यक्रम, अनुसन्धान, अन्वेषण, आविष्कार र परामर्श सेवाका क्षेत्रमा स्वदेशी, विदेशी विश्वविद्यालय तथा शैक्षिक संस्थासँग सम्वन्ध स्थापित र विकास गर्ने।

(ञ) विश्वविद्यालयको उद्देश्य प्राप्त गर्न स्वदेशी तथा विदेशी संघसंस्था, समाजसँग सम्वन्ध विकास गरी आवश्यक स्रोत साधन जुटाउने।

(ट) कार्यकारी परिषद् र प्राज्ञिक परिषद्ले तोकेका अन्य कार्यहरू गर्ने।

परिच्छेद – १०

पाठ्यक्रम विकास समिति

२७. पाठ्यक्रम विकास समितिको गठनः (१) विश्वविद्यालयअन्तर्गत अध्ययन, अध्यापन र अनुसन्धान हुने विषयको पाठ्यक्रम निर्धारण गर्नका लागि सिफारिस गर्न प्रत्येक सङ्कायमा देहायवमोजिमको पाठ्यक्रम विकास समिति रहनेछः-

(क) डिन - संयोजक

(ख) उपकुलपतिले तोकेको सम्वन्धित विषयको विज्ञ दुई जना - सदस्य

(ग) विषय शिक्षक - सदस्य

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) पाठ्यक्रम विकास समितिसम्वन्धी अन्य व्यवस्था प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

परिच्छेद - ११

परीक्षा समिति

२८. परीक्षा समितिः (१) विश्वविद्यालयअन्तर्गतका परीक्षाको सञ्चालन, व्यवस्थापन र अभिलेख व्यवस्थापन गर्न देहायवमोजिमको परीक्षा समिति रहनेछः

(क) उपकुलपति - अध्यक्ष



Registrar Vice-Chancellor Chancellor

(ख) रजिस्ट्रार - सदस्य

(ग) सङ्कायका डीनहरु - सदस्य

(घ) परीक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) परीक्षा समितिको सचिवालय उपकुलपतिको कार्यालयअन्तर्गत रहनेछ ।

२९. <u>परीक्षा समितिको काम, कर्तव्य र अधिकार:</u> प्राज्ञिक परिपद्को नीति निर्देशनको अधीनमा रही परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विश्वविद्यालयको परीक्षा व्यवस्थापन, सञ्चालन र सुपरिवेक्षण गर्ने, गराउने।

(ख) विश्वविद्यालयबाट सञ्चालन हुने परीक्षाको कार्यक्रम र कार्यतालिका प्रकाशित गर्ने र आवश्यकताअनुसार पुनर्तालिकीकरण गर्ने।

(ग) सञ्चालन भइसकेको परीक्षा कुनै कारणवश रद्द गर्नुपर्ने भएमा रद्द गर्ने।

(घ) परीक्षाका लागि प्रश्न तयारकर्ता, परीक्षक र अन्य विशेषज्ञ व्यक्तिगत वा समूहगत रूपमा छनौट गर्ने।

(ङ) खण्ड (घ) बमोजिम छनौट भएका व्यक्ति वा समूहलाई कुनै कारण परेमा निलम्बन गर्ने वा हटाउने।

(च) परीक्षाको सञ्चालनका लागि केन्द्राध्यक्ष, आवश्यक जनशक्ति, सुरक्षा तथा अन्य व्यवस्था गर्ने, गराउने।

(छ) परीक्षा उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण गरी परीक्षाफल प्रकाशित गर्ने।

(ज) परीक्षार्थीको रजिष्ट्रेशन गराउने, प्रवेशपत्र, लब्धाङ्कपत्र र अन्य स्थायी वा अस्थायी प्रलेख दिने, खिच्ने र खारेज गर्ने।

(झ) दीक्षान्त समारोहका लागि आवश्यक व्यवस्था गर्ने।

(ञ) प्राज्ञिक परिपद्समक्ष परीक्षाको किसिम, ग्रेडिङ प्रणाली र सूल्याङ्कनको आधारसम्बन्धी प्रस्ताव पठाउने।



Registrar Vice-Chancellor Chancellor

(ट) परीक्षाको प्रमाणपत्र तथा उपाधि तथा विशिष्ट व्यक्तिहरूलाई दिइने मानार्थ उपाधिको विवरण तयार गर्ने र अन्य व्यवस्था गर्ने गराउने।

(ठ) प्राज्ञिक परिषद्समक्ष वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने।

(ड) परीक्षा समितिको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व तोकी अधिकार प्रत्यायोजन गर्ने र निर्देशन दिने।

(ढ) परीक्षासम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद – १२
## पुस्तकालय र प्रयोगशाला

३०. पुस्तकालय स्थापना र सञ्चालनः (१) विश्वविद्यालय, सङ्काय, विभाग, अनुसन्धान र आविष्कार तथा अन्वेषण केन्द्र, आङ्गिक क्याम्पसमा पुस्तकालय स्थापना र सञ्चालन गर्न सकिनेछ।

(२) पुस्तकालय स्थापना, सञ्चालन र व्यवस्थापनसम्बन्धी विषय प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

३१. प्रयोगशाला स्थापना र सञ्चालनः (१) सङ्काय, विभाग, अनुसन्धान र आविष्कार तथा अन्वेषण केन्द्र, आङ्गिक क्याम्पसमा प्रयोगशाला स्थापना र सञ्चालन गर्न सकिनेछ।

(२) प्रयोगशाला स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धी विषय सम्बन्धित निकायले* तोकेबमोजिम हुनेछ।

## परिच्छेद – १३
## विभाग

३२. विभागः (१) प्राज्ञिक परिषद्ले सङ्काय अन्तर्गत आवश्यकताअनुसार विभाग स्थापना गर्न सक्नेछ।

(२) विभागको काम, कर्तव्य र अधिकार प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

* पहिलो संशोधनद्वारा संशोधित



Chancellor

Vice-Chancellor

Registrar

(३) विभागीय प्रमुख/समन्वयकर्ता* (Co-Ordinator) नियुक्ति, निजको काम, कर्तव्य र अधिकार प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

परिच्छेद – १४

## उपाधि, मान्यता र समकक्षता

३३. **उपाधि, मान्यता र समकक्षता:** (१) यस विश्वविद्यालयबाहेक अन्य स्वदेशी वा विदेशी विश्वविद्यालय, शैक्षिक तथा प्राज्ञिक संस्थाहरुको मान्यता र ती संस्थाहरूले जारी गरेका प्रमाणपत्र वा प्रदान गरेको उपाधिको मान्यता वा समकक्षता निर्धारण गर्न प्राज्ञिक परिषद्लाई सिफारिस गर्न देहायबमोजिमको समिति रहनेछः-

(क) उपकुलपति - अध्यक्ष

(ख) कुलपतिले तोकेको डिन - सदस्य

(ग) कुलपतिले तोकेको विषय शिक्षक - सदस्य

(२) समितिले आफ्नो बैठकमा आवश्यकताअनुसार सङ्कायका डिन तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालय उपकुलपतिको कार्यालयमा रहनेछ।

(४) समितिको काम, कर्तव्य र अधिकार प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

* **परिक्षा नियन्त्रकको काम, कर्तव्य र अधिकार:*** परीक्षा नियन्त्रकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद – १५

## कुलपति, उपकुलपति र रजिस्ट्रारको पारिश्रमिक र सुविधा

---

*पहिलो संशोधनद्वारा संशोधित

*पहिलो संशोधनद्वारा नियम ३४ र ३५ (परिच्छेदः १५) हटाइएको

*पहिलो संशोधनद्वारा थप गरिएको



Registrar

Vice-Chancellor

Chancellor

३४. <u>पारिश्रमिक र सुविधाः</u> (१) कुलपति, उपकुलपति र रजिस्ट्रारको पारिश्रमिक तथा अन्य सुविधा अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ।

(२) कुलपति, उपकुलपति र रजिस्ट्रारलाई चालक सहितको चार पाङ्ग्रे हलुका सवारी साधन उपलब्ध गराइनेछ।

३५. <u>वार्षिक बिदाः</u> (१) कुलपति, उपकुलपति र रजिस्ट्रारले आफ्नो कार्यकालमा आवश्यकताको आधारमा वर्षको एक महिनाका दरले पूरा तलबी बिदा पाउनेछ र यस्तो बिदा सञ्चित गर्न सकिने छैन।

(२) कुलपतिले एकैपटक सात दिनभन्दा बढी बिदा लिनु परेमा न्यासिक परिषद्को अध्यक्षलाई सूचना दिनु पर्नेछ।

(३) उपकुलपति र रजिस्ट्रारले कुलपतिसँग बिदा स्वीकृत गराउनु पर्नेछ।

३६. <u>प्रसूति र प्रसूति स्याहार बिदाः</u> (१) कुलपति, उपकुलपति र रजिस्ट्रारलाई सुत्केरी हुनुभन्दा अगाडि र सुत्केरी भएपछि खाइपाई आएको पूरा पारिश्रमिकसहित अन्ठानब्बे दिन प्रसूति बिदा दिइनेछ।

(२) कुलपति, उपकुलपति र रजिस्ट्रारको श्रीमती प्रसूति हुँदा निजलाई खाइपाई आएको पूरा पारिश्रमिक सहित पन्ध्र दिन प्रसूति स्याहार बिदा दिइनेछ।

(३) प्रसूति र प्रसूति स्याहार बिदा दुई पटक मात्र दिइनेछ र यस्तो बिदा लिएको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक राख्नु पर्नेछ।

३७. <u>किरिया बिदाः</u> कुलपति, उपकुलपति र रजिस्ट्रारको बाबु, आमा, लोग्ने वा स्वास्नी, छोरा वा छोरी, सासु वा ससुरा, बाजे वा बज्यैको मृत्यु भई आफैं किरिया बस्नु परेमा निजको संस्कार बमोजिम काजकिरिया गर्न खाइपाइ आएको पूरा पारिश्रमिकसहित पन्ध्र दिन किरिया बिदा दिइनेछ।

३८. <u>सार्वजनिक बिदाः</u> नेपाल सरकार तथा प्रदेश सरकारले विशेष अवसरमा दिएका सार्वजनिक बिदा विश्वविद्यालयमा पनि लागू हुनेछ।

३९. <u>निमित्त दिनेः</u> बिदा वा कामको सिलसिलामा अन्यत्र जाँदा कुलपतिले उपकुलपतिलाई, उपकुलपतिले रजिस्ट्रारलाई र रजिस्ट्रारले डिनलाई आफ्नो अनुपस्थितिमा निमित्त दिन सक्नेछ।

Chancellor

Vice-Chancellor

Registrar

४०. <u>दैनिक तथा भ्रमण खर्चः</u> न्यासिक परिषद्का अध्यक्ष, कुलपति, न्यासिक परिषद्का सदस्य, उपकुलपति र रजिस्ट्रारले विश्वविद्यालयको कामको सिलसिलामा स्वदेश तथा विदेशमा भ्रमण गर्दा अनुसूची-४ मा उल्लेख भएबमोजिमको दैनिक तथा भ्रमण खर्च पाउनेछन्।

४१. <u>चाडपर्व खर्चः</u> कुलपति, उपकुलपति र रजिस्ट्रारलाई निजको एक महिनाको सुरु पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा दिइनेछ।

४२. <u>स्वास्थ्य बिमाः</u> कुलपति, उपकुलपति, रजिस्ट्रार र निजका परिवारका सदस्यका लागि स्वास्थ्य बिमा गरिनेछ।

४३. <u>दाह संस्कार खर्चः</u> कुलपति, उपकुलपति र रजिस्ट्रारको मृत्यु हुँदा निजको दाह संस्कार बापत पचास हजार रुपैयाँ मृतक व्यक्तिको हकदारलाई उपलब्ध गराइनेछ।

४४. <u>कुलपति, उपकुलपति र रजिस्ट्रारको पद रिक्त हुने अवस्थाः</u> कुलपति, उपकुलपति र रजिस्ट्रारको पद देहायको कुनै अवस्थामा रिक्त भएको मानिनेछः-

(क) न्यासिक परिषद्का अध्यक्षमार्फत् कुलपतिले दिएको राजीनामा न्यासिक परिषद्ले र उपकुलपति र रजिस्ट्रारले दिएको राजीनामा कुलपतिले स्वीकृत गरेमा,

(ख) निजको मृत्यु भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार साबित भई अदालतबाट कैदको सजाय पाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) ऐन बमोजिम पदमुक्त भएमा।

## परिच्छेद – १६

## <u>रजिस्ट्रार</u>

४५. <u>रजिस्ट्रारको योग्यताः</u> (१) रजिस्ट्रारको पदमा नियुक्त हुन कम्तीमा स्नातकोत्तर गरेको र कम्तीमा १० वर्ष अनुसन्धान वा अध्यापन गरेको वा व्यवस्थापकीय पदमा कम्तीमा ५ वर्षको अनुभव भएको हुनु पर्नेछ।

Chancellor

Vice-Chancellor



Registrar

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस विश्वविद्यालयको वरिष्ठ प्रशासकको रूपमा चार वर्ष काम गरेको व्यक्ति रजिस्ट्रारका लागि योग्य मानिनेछ।

## परिच्छेद – १७

## डीन

४६. <u>डीन:</u> (१) ऐनको दफा २९ बमोजिम सम्बन्धित सङ्कायका प्राध्यापक वा सहप्राध्यापकहरू मध्येबाट डिनको नियुक्ति गरिनेछ।

(२) डिनको पदावधि चार वर्षको हुनेछ।

(३) डीन प्राज्ञिक रूपमा उपकुलपति र प्रशासनिक रूपमा रजिस्ट्रारप्रति उत्तरदायी हुनेछ।

४७. <u>डिनको काम, कर्तव्य र अधिकार:</u> डीनले सङ्कायको प्रमुखका रूपमा काम गर्नेछ। यस नियमावलीमा अन्यत्र लेखिएका अतिरिक्त डिनको काम, कर्तव्य र अधिकार प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

४८. <u>डिनको पद रिक्त हुने अवस्था:</u> डिनको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछः-

(क) निजले दिएको राजीनामा उपकुलपतिले स्वीकृत गरेमा,

(ख) निजको मृत्यु भएमा,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार साबित भई अदालतबाट कैदको सजाय पाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निज विश्वविद्यालयको सेवामा नरहेमा।

## परिच्छेद – १८

## क्याम्पस प्रमुख

४९. <u>क्याम्पस प्रमुख:</u> (१) प्रत्येक आङ्गिक क्याम्पसमा शैक्षिक, आर्थिक तथा प्रशासनिक कार्य सञ्चालनको निमित्त प्रमुख पदाधिकारीको रूपमा क्याम्पस प्रमुख रहनेछ।

Chancellor

Vice-Chancellor

Registrar

(२) क्याम्पस प्रमुखको नियुक्ति डिनको सिफारिसमा उपकुलपतिले गर्नेछ।

(३) क्याम्पस प्रमुखको पदावधि चार वर्षको हुनेछ।

(४) क्याम्पस प्रमुखको पद देहाएको अवस्थामा रिक्त भएको मानिनेछ:

(क) निजको मृत्यु भएमा,

(ख) निजले पेश गरेको राजीनामा कुलपतिले* स्वीकृत गरेमा,

(ग) निजको पदावधि पुरा भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार साबित भई अदालतबाट कैदको सजाय पाएमा।

५०. क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार: क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

## परिच्छेद – १९

## प्रमाणपत्र, उपाधि तथा मानार्थ उपाधिसम्बन्धी व्यवस्था

५१. प्रमाणपत्र, उपाधि तथा मानार्थ उपाधिसम्बन्धी व्यवस्था: (१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्नेसम्बन्धी व्यवस्था न्यासिक परिषद्ले तोकेबमोजिम हुनेछ।

(२) विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई प्रमाणपत्र र उपाधि तथा मानार्थ उपाधि दिनेसम्बन्धी व्यवस्था प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

(३) शैक्षिक प्रमाणपत्र, उपाधि र मानार्थ उपाधिको ढाँचा प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

## परिच्छेद – २०

## अधिकार प्रत्यायोजन

* उपकुलपतिको सट्टामा कुलपतिले संशोधित



Chancellor

Vice-Chancellor

Registrar

५२. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** (१) पदाधिकारी तथा कर्मचारीले ऐन र यस नियमबमोजिम निजलाई प्राप्त अधिकार मातहतका निकाय, संगठन वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) लिखित रूपमा मात्र अधिकार प्रत्यायोजन गर्न सकिनेछ।

(३) माथिल्लो अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको लिखित जानकारी अनिवार्य रूपमा गराउनु पर्नेछ।

(४) अधिकार प्रत्यायोजनकर्ताले प्रत्यायोजित अधिकार जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

(५) प्रत्यायोजित अधिकार प्राप्तकर्ताले प्रचलित कानुनबमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नु पर्नेछ।

(६) अधिकार प्रत्यायोजन गरेको कारणले प्रत्यायोजनकर्ताको जवाफदेहीमा फरक पर्ने छैन।

## परिच्छेद – २१

## विश्वविद्यालयका पदाधिकारीको कार्य सम्पादन मूल्याङ्कन

५३. **विश्वविद्यालयका पदाधिकारीको कार्य सम्पादन मूल्याङ्कन:** (१) कुलपति, उपकुलपति र रजिस्ट्रारको कार्य सम्पादनको मूल्याङ्कन गर्ने मापक सूचकाङ्क न्यासिक परिषद्ले तोकेबमोजिम हुनेछ।

(२) डिन र शिक्षण संस्थाका प्रमुखको कार्य सम्पादनको मूल्याङ्कन गर्ने मापक सूचकाङ्क कुलपतिले तोकेबमोजिम हुनेछ।

## परिच्छेद – २२

## विविध

५४. **विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थीको योग्यता:** विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थी, प्रशिक्षार्थी वा अनुन्धानकर्ताको योग्यता प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

५५. **विद्यार्थीको आचारसंहिता:** विद्यार्थीले पालना गर्नु पर्ने आचारसंहिता प्राज्ञिक परिषद्ले तोकेबमोजिम हुनेछ।

५६. **विश्वविद्यालयले साझेदारी तथा सहकार्य गर्नेसम्बन्धी व्यवस्था:** विश्वविद्यालय ऐनको दफा ३९ को अधीनमा रही विश्वविद्यालयको व्यवस्थापनमा सुधार, शिक्षाको गुणस्तर वृद्धि, अनुसन्धान तथा सिकाइमा नयाँ तरिका अवलम्बन गर्ने लगायतका कार्य गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था वा गैर सरकारी संस्थासँग विश्वविद्यालयले सामुदायिक पारस्परिक साझेदारी वा सहकार्य गर्नेसम्बन्धी अन्य व्यवस्था कार्यकारी परिषद्ले तोकेबमोजिम हुनेछ।



Registrar Vice-Chancellor Chancellor

५७. <u>सामुदायिक साझेदारी कार्यक्रमः</u> विश्वविद्यालय ऐनको दफा ३९ को अधिनमा रही सामुदायिक साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

५८. <u>छापः</u> विश्वविद्यालयको छाप अनुसूची ५ मा उल्लेख भएबमोजिम हुनेछ।

५९. <u>विश्वविद्यालयको छापको प्रयोगः</u> विश्वविद्यालयको छापको प्रयोग विश्वविद्यालयको कामको प्रयोजनका लागि मात्र गरिनेछ।


६०. <u>विश्वविद्यालयको छापको प्रयोग र दस्तखत गर्ने व्यक्तिः</u> विश्वविद्यालयको छाप प्रयोग हुने कागजपत्रमा दस्तखत गर्ने व्यक्ति कम्तीमा अधिकृत स्तरको हुनु पर्नेछ।

६१. <u>बाधा अड्काउ फुकाउनेः</u> यस नियमावलीको कार्यान्वयन गर्दा वा विश्वविद्यालयको कार्य सम्पादन गर्दा कुनै किसिमको बाधा अड्काउ आएमा सो बाधा अड्काउ फुकाउने अधिकार कार्यकारी परिषद्लाई हुनेछ।

६२. <u>काम, कारबाही बैध हुनेः</u> यो नियमावली लागू हुनुभन्दा अगाडि न्यासिक परिषद्, कार्यकारी परिषद्, कुलपति वा उपकुलपति वा रजिस्ट्रार वा अन्य पदाधिकारीले गरे, गराएको संगठन र शैक्षिक प्रशासनसम्बन्धी सम्पूर्ण काम, कारबाही यसै नियमबमोजिम भए गरेको मानिनेछ।

Registrar Chancellor

अनुसूची-१ (नियम ३ को उपनियम (२) सँग सम्बन्धित) गण्डकी विश्वविद्यालयको संगठनात्मक ढाँचा




Registrar

Vice-Chancellor

Chancellor

अनुसूची-२

(नियम ९, नियम १३ को उपनियम (१) र नियम १५ को उपनियम (१) सँग सम्बन्धित)

<u>बैठक भत्ता</u>

| सि.नं. | बैठक | प्रति बैठक भत्ता दर रु. |
|---|---|---|
| १. | न्यासिक परिषद्को बैठक | ४०००।- |
| २. | न्यासिक परिषद्का अध्यक्षले अध्यक्षता गर्ने अन्य बैठक वा न्यासिक परिषद्का सदस्य वा कुलपतिले अध्यक्षता गर्ने बैठक | ३०००।- |
| ३. | अन्य बैठक | २०००।- |

पुनश्चः न्यासिक परिषदको बैठक हुने स्थानमा आवास नहुने न्यासिक परिषदका सदस्यले खाने, बस्ने तथा यातायात खर्च समेत पाउनेछन्।

Registrar Vice-Chancellor Chancellor

अनुसूची ३

(नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

## पारिश्रमिक र सुविधा

(क) पदाधिकारी

| सि.नं. | पद | मासिक पारिश्रमिक रु | अतिथि सत्कार | सञ्चार सुविधा | आवास सुविधा | इन्धन (मासिक) | मोबिल (चौमासिक) | विजुली र धारा |
|---|---|---|---|---|---|---|---|---|
| १. | कुलपति | ७३००० | १५००० | २००० | आवास वा २५००० | १५० लि. | ५ लि. | आवास उपलब्ध भएमा बिल बमोजिम |
| २. | उपकुलपति | ७१९८० | ८००० | २००० | आवास वा २०००० | १२० लि. | ५ लि. | " |
| ३. | रजिस्ट्रार | ७०००० | ५००० | २००० | आवास वा २०००० | १०० लि. | ५ लि. | " |

Registrar Vice-Chancellor Chancellor

अनुसूची ४

(नियम ४२ सँग सम्बन्धित)

**दैनिक तथा भ्रमण खर्च**

| सि.नं. | पद | स्वदेशमा भ्रमण गर्दा पाउने भत्ता दर दैनिक रु. | विदेशमा भ्रमण गर्दा पाउने भत्ता दर दैनिक अमेरिकी डलर |
|---|---|---|---|
| १. | न्यासिक परिषद्को अध्यक्ष र कुलपति | ३००० | २५० |
| २. | न्यासिक परिषद्का सदस्य, उपकुलपति र रजिस्ट्रार | २५०० | २२५ |

द्रष्टव्यः-

१. युरोपियन मुलुकहरू, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, कोरिया, जापान, हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यू.ए.ई., सिङ्गापुर, लेवनान, बहराइनको भ्रमणमा माथि उल्लिखित दरमा ३३ प्रतिशत थप रकम दिइनेछ।

२. भारतको चेन्नाई, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँबाहेक अन्य स्थानमा रात विताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ।


Registrar Vice-Chancellor Chancellor

अनुसूची ५

(नियम ५९ सँग सम्बन्धित)

<u>विश्वविद्यालयको छाप</u>

नेपाली



अङ्ग्रेजी




लोगो

Registrar

Vice-Chancellor

Chancellor